का.जि.प्र.का.द.नं. १००/०५९/६०

२० असार २०८१,
बिहीबार
4 July 2024,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २२, अंक १४२ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# माओवादी अब प्रमुख प्रतिपक्ष

माओवादी केन्द्र सरकार बाहिर रहने राजनीतिक परिस्थिति बनेको छ । योसँगै झण्डै एक दशकदेखि कुनै न कुनै रुपमा सरकारमा रहेको माओवादी संघीय सरकारसहित सबैतिर प्रमुख प्रतिपक्षमा पुग्ने भएको हो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ असार ।

नेकपा एमालेले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई पत्र लेखेर राष्ट्रिय सरकार गठनको गरी राजनीतिक स्थायित्व दिने उद्देश्यले नयाँ सरकार गठनको पहल गरिएको भन्दै सरकारलाई दिएको समर्थन फिर्ता लिएको बताएका छन् ।

ओलीले सरकारलाई दिएको समर्थन बुधबारकै मितिदेखि लागू हुने गरी फिर्ता गरिएको उल्लेख गरेका छन् । समर्थन फिर्ता लिएको पत्रसँगै एमालेबाट मन्त्री बनेका आठ जनाले पनि बुधबार नै प्रधानमन्त्री प्रचण्डलाई राजीनामा बुझाएका छन् ।



बुधबार प्रधानमन्त्री प्रचण्डलाई राजीनामा बुझाएपछि तस्बिर खिचाउँदै एमालेका मन्त्रीहरु ।



२१ फागुन २०८० मा प्रचण्डले नेपाली कांग्रेससँग गठबन्धन तोडेर एमालेसँग सहमति गरेपछि एमालेबाट ८ जना मन्त्री सरकारमा सहभागी भएका थिए । उनीहरुले बुधबार बालुवाटारमा एक एक गर्दै प्रधानमन्त्रीलाई राजीनामा बुझाए ।

सोमबार राति नेपाली कांग्रेस र नेकपा एमालेले नयाँ सरकार गठन गर्ने सहमति गरेका थिए । मंगलबार एमालेको सचिवालय बैठक र बुधबार कांग्रेस पदाधिकारी बैठकले प्रधानमन्त्री प्रचण्डलाई राजीनामा दिन पनि आग्रह गरेको छ ।

यो सँगै अब प्रचण्डसामू दुई विकल्प छन् । राजीनामा दिने वा संसद फेस गर्ने ।

प्रधानमन्त्री प्रचण्डले राजीनामा नदिएर संसदको सामना गर्ने नीति लिने भएका छन् ।

सोमबार राजनीतिक घटनाक्रमबारे छलफल गर्न बसेको पार्टीका मन्त्रीसहितको पदाधिकारी बैठकले विश्वासको मत लिने निर्णय गरेको थियो ।

नेकपा माओवादीका सचिव देवेन्द्र पौडेलका अनुसार यही नै उत्तम विकल्प भएको निष्कर्षमा प्रधानमन्त्री प्रचण्ड छन् ।

'प्रधानमन्त्री ले गलेर छोड्ने कुरा हुँदैन । गणित शो गर्न जाने, संसद फेस गर्ने र विश्वासको मत लिने कुरामा प्रधानमन्त्रीले कुरा राख्नुभएको छ, 'उनले भने, 'पार्टीले पनि विश्वासको मतको सामना गर्ने र विभिन्न पक्षसँग >>> पृष्ठ २ मा


## लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,

- मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
- सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
- विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
- उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
- वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


## सहकारीमा घोटाला
# केबी उप्रेती पक्राउ



**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ असार ।

राष्ट्रिय सहकारी विकास बैंकका अध्यक्ष केबी उप्रेती पक्राउ परेका छन् । आफूलाई सहकारी अभियन्ता बताउने उनलाई प्रहरीले सहकारीको बचत अपचलन गरेको आरोपमा पक्राउ गरेको हो ।

उनी बुधबार काठमाडौंको बालाजुबाट पक्राउ परेका हुन् ।

आईडियल यमुना हाम्रो बहुद्देश्यीय सहकारीका सञ्चालक रहेको उप्रेतीले सो सहकारीका बचतकर्ताको रकम अपचलन गरेको आरोप छ ।

उक्त सहकारी गत महिना समस्याग्रस्त घोषित भएको थियो । एमाले सांसद सूर्य थापाको संयोजकत्वमा गठित सहकारी ठगीसम्बन्धी संसदीय छानबिन समितिले अनुसन्धान गर्ने सहकारीको सूचीमासमेत यो सहकारीको नाम पनि समावेश छ ।

एमालेको सहकारी विभागका सचिव रहेका उप्रेतीमाथि सहकारी ठगीको आरोप लागेपछि एमालेले उनलाई जिम्मेवारीबाट हटाएको थियो । यिनै उप्रेतीले मंगलबार थापा संयोजकत्वको संसदीय समितिको बैठकमा उपस्थित भएर सहकारीको संकटबारे सुझावसमेत दिएका थिए । बुधबार भने पक्राउ परेका छन् ।

# रास्वपामा महामन्त्री मुकुलले गरेको विद्रोह

नेपाली कांग्रेस र नेकपा एमाले नै मिलेर सरकार बनाउनेतिर लाग्दा राष्ट्रिय राजनीतिमा आफ्नो भूमिका प्रष्ट्याउनुपर्ने न्यूनतम राजनीतिक दायित्व भुलेर रास्वपा आन्तरिक कलहमा फसेको हो ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ असार ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) आन्तरिक कलहमा फसेको छ। पार्टी सभापति रवि लामिछाने र महामन्त्री मुकुल ढकाल मुखामुख नै भएका छन् । बुधबार बसेको केन्द्रीय समिति बैठकमा महामन्त्री ढकालले मुखमा कालो टेप बाँधेर विरोध नै जनाएपछि पार्टीभित्रको आन्तरिक कलह छताछुल्ल भएको छ ।

नेपाली कांग्रेस र नेकपा एमाले नै मिलेर सरकार बनाउनेतिर लाग्दा राष्ट्रिय राजनीतिमा आफ्नो भूमिका प्रष्ट्याउनुपर्ने न्यूनतम राजनीतिक दायित्व भुलेर रास्वपा आन्तरिक कलहमा फसेको हो ।

रास्वपाका सभापति लामिछाने वर्तमान सरकारमा उपप्रधान तथा गृहमन्त्री छन् । तर,




रास्वपा सरकारबाट बाहिरिने अवस्थामा पुगेको छ। संसदको सबैभन्दा दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमाले नै समीकरण बनाएर सरकार बनाउन अग्रसर भएका छन् । यो बेला बसेको रास्वपाको केन्द्रिय समितिको बैठकमा महामन्त्री ढकालले मुखमा मास्क लगाएर त्यसमाथि कालो टेपको क्रस बनाएर विद्रोह गरेका हुन् ।

बैठकको प्रत्यक्ष प्रसारण गर्न माग गरेका महामन्त्री ढकालको प्रस्तावलाई पार्टी सभापति रवि लामिछानेले अस्वीकृत गरेपछि विरोधस्वरूप महामन्त्री ढकालले मुखमा कालो टेप बाँधेका हुन् । लोकतन्त्र मान्ने र बुझेको मानिसले प्रत्यक्ष प्रसारण गर्नबाट नरोक्ने भन्दै अभिव्यक्ति दिँदै आए पनि केन्द्रीय समितिले उनको प्रस्तावलाई अस्वीकृत गरी बैठक सञ्चालन गरेको छ ।

बुधबार रास्वपाको केन्द्रीय समिति महामन्त्री डा. मुकुल ढकालले तयार गरेको समीक्षा प्रतिवेदनमाथि छलफल गर्न बसेको हो । तर, उक्त बैठकमा केन्द्रीय सदस्यहरु मूल विषयबाट टाढा पुगे र महामन्त्रीको समग्र कार्यसम्पादनकै समीक्षामा जुटे । महामन्त्री ढकाल टेप लगाएर बसेपछि केही केन्द्रीय सदस्यहरुले >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# 'विदेशमा रहेका नेपालीको हितरक्षाका निम्ति मन्त्रालय र कूटनीतिक नियोगको क्षमता अभिवृद्धि गर्नुपर्छ'

**काठमाडौं/रासस-** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले विदेशमा रहेका नेपालीको हितरक्षाका निम्ति परराष्ट्र मन्त्रालय र विदेशस्थित नेपाली कूटनीतिक नियोगको क्षमता अभिवृद्धि गर्नुपर्ने बताएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा भएको परराष्ट्र मन्त्रालय तथा अन्तर्गतका निकायको संगठन तथा व्यवस्थापन सर्वेक्षणको प्रस्तुतीकरणसम्बन्धी छलफलमा प्रधानमन्त्रीले उक्त कुरा बताएका हुन् ।

बैठकमा प्रधानमन्त्रीले विदेशमा रहेका नेपालीको हितरक्षा र अधिकारलाई आफूले उच्च प्राथमिकता दिएको बताउँदै त्यसका लागि संस्थागत र संरचनागत क्षमता अभिवृद्धि मुख्य विषय भएको बताएको प्रधानमन्त्री मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ ।

प्रधानमन्त्रीले भने, 'विदेश जाने नेपालीको संख्या बढ्दैछ । तर हाम्रो परराष्ट्र मन्त्रालय, मातहतका कार्यालय र नियोग आवश्यकताअनुसार बलियो बनाउन सकिएको छैन । दरबन्दी धेरै पुरानो छ । यसलाई बदलेर संगठन र जनशक्ति व्यवस्थापन >>> पृष्ठ २ मा

### दूतावासकै अनलाइन जाम गरेर ठग्ने आठ पक्राउ

काठमाडौं/मस- केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले नेपालस्थित दक्षिण कोरियाली दूतावासको अनलाइन प्रक्रिया जाम गरी रकम असुलेर फारम भरिदिने भन्दै ठगेको आरोपमा ८ जनालाई पक्राउ गरेको छ ।

दक्षिण कोरिया जान निश्चित समयमा खुल्ने भिसा फारमको टोकन कब्जा गरेर चर्को मूल्य लिएर बेच्ने ८ जनालाई पक्राउ गरिएको एसपी होबिन्द्र बोगटीले बताए । पक्राउ पर्नेहरूमा कलंकीका नवीन पौडेल, पोखराका समेश शेरचन, गोरखाका २१ वर्षीय छिरिङ निमा लामा, भोजपुरका दीपेन्द्र राई, नवलपुरका पवन काफ्ले र संघर्ष ढकाल रहेका छन् । दुई जनाको परिचय भने प्रहरीले खुलाएको छैन ।

उनीहरूले अनलाइन फारम भर्ने प्रक्रिया नै जाम गर्ने गरेको अनुसन्धानबाट खुलेको पनि एसपी बोगटीले बताए । उनीहरूले अनलाइन फारम भर्न नमिल्ने गरी जाम गरेपछि बुक गरेको समय ३० हजार रुपैयाँ लिएर आकांक्षीहरूलाई बेच्ने गरेको पनि बोगटीले बताए ।

### अमेरिका पठाउने भन्दै ठग्ने पक्राउ

**काठमाडौं/मस-** प्रहरीले वैदेशिक रोजगारमा अमेरिका पठाइदिन्छु भन्दै ठगी गर्ने एक व्यक्तिलाई पक्राउ गरेको छ । बेरोजगार युवायुवतीहरुलाई आकर्षक तलबको प्रलोभनमा पारी वैदेशिक रोजगारीमा अमेरिका पठाउने भनि रकम लिइ फरार रहेका दिपक श्रीसलाई प्रहरीले पक्राउ गरेको हो ।

श्रीसले १८ लाख रूपैयाँ लिएर वैदेशिक रोजगारीमा नपठाइ सम्पर्कविहीन भएपछि प्रहरीमा जाहेरी परेको थियो । श्रीसलाई ललितपुर सातदोबाटोबाट >>> पृष्ठ २ मा

# एआईमाथि निगरानी गर्न सुझाव

**शिव विक/मध्यान्ह**
काठमाडौं, १९ असार ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) माथि नियमन गर्नुपर्ने सुझावसहितको अवधारणापत्र तयार भएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयल सहसचिव अनिलकुमार दत्तको संयोजकमा गठित पाँच सदस्यीय प्राविधिक समितिले यस्तो सुझावसहितको अवधारणापत्र तयार पारेको हो ।

विश्वव्यापी रूपमा एआईको विकास र प्रयोग बढ्दै गएपछि यससम्बन्धी कुनै नीति र कानून निर्माणको आधार तय गर्न सरकारले अवधारणापत्र तयार गरेको हो । मन्त्रालयले गठन गरेको प्राविधिक समितिले झन्डै पाँच महिना लामो अध्ययनपछि अवधारणापत्र तयार गरेको हो ।

> गोपनीयता संरक्षण, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन, एआई प्रयोगको विकास र प्रवर्द्धनलगायतका विषयमा अनुसन्धान, लगानी र सहकार्यलाई वृद्धि गर्ने रणनीति लिनुपर्ने सुझाइएको हो ।

गत ५ माघमा गठित समितिले अवधारणापत्र सम्बन्धी प्रतिवेदन तयार पारेर मन्त्रालयमा पेस गरेको छ । उक्त प्रतिवेदनले एआईको विकास, प्रयोग र नियमनका लागि सरकारले आवश्यक नीति, कानून र कार्यविधि बनाउनुपर्ने सुझाव दिएको छ ।

साइबर सुरक्षा, डाटा सुरक्षण र गोपनीयताका विषयलाई नीतिगत तहमा सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याउँदै प्रतिवेदनले एआई सम्बन्धी राष्ट्रिय नीतिको तर्जुमा, राष्ट्रिय रणनीतिको निर्माण, कानुनी आधारसहित डाटा सुरक्षण रूपरेखा, एआईको प्रयोग र प्रयोगकर्ताको गोपनीयता तथा सुरक्षण समेटिएका नीति र कानुनहरूको अन्तर्राष्ट्रिय मापदण्डसँग अनुकूलन हुने गरी मानक निर्धारण गर्नुपर्ने सुझाव दिएको छ । >>> पृष्ठ २ मा

# एकीकृत समाजवादीको महाधिवेशनमा प्रस्तुत सबै दस्तावेज अनुमोदन

**काठमाडौं/मस–** नेकपा (एकीकृत समाजवादी)को दशौँ राष्ट्रिय महाधिवेशनमा प्रस्तुत गरिएका विभिन्न दस्तावेज अनुमोदन गरिएको छ।

महाधिवेशन प्रतिनिधिद्वारा राजनीतिक, समाजवादी कार्यक्रम, विधान र साङ्गठनिक दस्तावेजलाई सुझावसहित अनुमोदन गरिएको पार्टी सचिव जीवनराम श्रेष्ठले जानकारी दिए।

महाधिवेशनले नयाँ कार्यसमिति निर्वाचित गर्ने जिम्मेवारी निर्वाचन मण्डललाई दिएको छ। निर्वाचनमण्डलले निर्वाचन प्रक्रियाअन्तर्गत मतदाता नामावली प्रकाशनको तयारी गरेको छ। मनोनयन दर्ता गर्ने, दाबी विरोध तथा उम्मेदवारी




फिर्ता लिने समय, मतदानको कार्यसूची बिहीबार तोकिएको छ। पार्टी केन्द्रीय कमिटी, अनुशासन र लेखापरीक्षण कमिटीले संयुक्त रुपमा निर्वाचन निर्देशिका निर्माण गरेको छ।

प्रत्येक जिल्लाबाट कम्तीमा एक जना सदस्य केन्द्रीय कमिटीमा प्रतिनिधित्व रहने सुनिश्चितता कायम गरिएको छ। सबै निर्वाचन क्षेत्रबाट केन्द्रीय कमिटीको निर्वाचन गर्दा २० प्रतिशत २५-४५ वर्ष उमेर समूहको आरक्षण गर्नुपर्ने निर्देशिकामा उल्लेख छ।

असार १६ देखि २० गतेसम्म चल्ने महाधिवेशनले २१ पदाधिकारीसहित दुई सय ९९ सदस्यीय केन्द्रीय कमिटी चयन गर्नेछ। निर्वाचन विद्युतीय उपकरणबाट गरिने जनाइएको छ। एक हजार आठ सय ४९ प्रतिनिधिलाई विद्युतीय उपकरणबाट मतदानका लागि आवश्यक प्रशिक्षण प्रदान गरिएको छ।

# 'संविधान संशोधन अहिलेको आवश्यकता'

**धनुषा/मस–** नेपाली कांग्रेसका नेता अर्जुननरसिंह केसीले संविधान संशोधन आवश्यक भएको बताएका छन्।

लिभर फाउण्डेसन नेपालद्वारा बुधबार जनकपुरधाममा आयोजित लिभर स्वास्थ्यसम्बन्धी एक दिने कार्यशाला गोष्ठीमा नेता केसीले संविधान संशोधन अहिलेको आवश्यकता भएको बताए।

पूर्व स्वास्थ्य तथा जनसंख्यामन्त्रीसमेत रहेका नेता केसीले विसं २०७२ मा जारी संविधानले जनताको सर्वोच्चताको प्रतिनिधित्व गरेको धारणा राखे। सो संविधान असफल भएमा दुर्भाग्यपूर्ण अवस्था आउने उनको भनाइ छ। त्यस्तो अवस्था आउन नदिन संविधान संशोधन गर्नुपर्नेमा उनको जोड रहेको छ।

केसीले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच भएको पछिल्लो सहमतिले देशलाई स्थिर सरकार दिने आशा देखाएको बताए।



उनले भने, 'आगामी सरकारले आर्थिक सुधारको गतिविधिलाई सामूहिक मिसनका रुपमा लिएर जानुपर्छ।' नेता केसीले संसद्को पहिलो र दोस्रो दल मिलेर सरकार बनाउँदा संसदमा प्रतिपक्षको भूमिका कमजोर हुनसक्ने भएकाले प्रतिपक्षी दलहरुले प्रतिपक्षको सशक्त हैसियतलाई जीवन्त राख्न सक्नुपर्ने बताए। कार्यशालामा डा.इम्तिहान अहमद, डा.सञ्जयकुमार यादव, डा.शाहजहा खातुन, हरि लम्साल र सल्ला अधिकारीले कलेजो स्वास्थ्यसम्बन्धि प्रस्तुति गरेका थिए।

गोष्ठीमा मधेश प्रदेशका विभिन्न पालिकाका प्रमुखहरु र स्वास्थ्यकर्मीहरुको उपस्थित रहेको थियो। लिभर फाउण्डेसन नेपालका अध्यक्ष उमेशजंग रायमाझीको अध्यक्षतामा कार्यशाला सम्पन्न भएको हो।

### माओवादी...

कुराकानी गर्ने, राष्ट्रिय स्वतन्त्र पार्टीसँग पनि, कांग्रेससँग पनि र स्वयं एमालेका अहिले सहमति भए पनि विभिन्न पक्षसँग कुराकानी गर्ने र अगाडि बढ्ने कुरा भएको छ।'

रास्वपाले नयाँ सरकारमा नजाने र वर्तमान सरकार तत्काल नछोड्ने भनेको छ। यसकारण पनि प्रचण्ड विश्वासको मत फेस गर्न चाहन्छन्।

जे जसो गरेता पनि माओवादी सरकार बाहिर रहने राजनीतिक परिस्थिति बनेको छ। यो संगै झण्डै एक दशकदेखि कुनै न कुनै रुपमा सरकारमा रहेको माओवादी संघीय सरकारसहित सबैतिर प्रमुख प्रतिपक्षमा पुग्नेछ।

कांग्रेस र एमालेको समीकरण बनेसँगै १८ महिनादेखि संघीय सरकारको नेतृत्व गरिरहेको र सातै प्रदेशमा सरकारमा रहेको माओवादी केन्द्र मधेश प्रदेश बाहेक सबैतिर प्रमुख प्रतिपक्षीय भूमिकामा पुग्ने भएको हो।

### रास्वपामा...

आपत्ति जनाएका थिए। हो हल्ला भएपछि सभापति लामिछानेले १५ मिनेटका लागि बैठक स्थगित गरेका थिए। त्यसपछि फेरि सभापतिले महामन्त्रीका गतिविधिलाई पार्टी अनुशासनको विषय बनाउने र अनुशासन आयोगले हेर्ने बताएपछि बैठक सुचारु भयो।

महामन्त्रीले नबोल्ने बताएपछि सहमहामन्त्री कवीन्द्र बुर्लाकोटीले डेढ घण्टा लगाएर समीक्षा प्रतिवेदन वाचन गरे। त्यसपछि खाना खान बैठक स्थगित भयो। खाना खाएपश्चात प्रतिवेदनमाथि छलफल सुरु गर्न भनेर बसेको बैठकमा केन्द्रीय सदस्यहरु मूल विषयबाट टाढा पुगे।

सरकारबाट बाहिरिएपछिको रणनीति के हुने, समीक्षा प्रतिवेदनका सन्दर्भमा आफ्नो बुझाई के हो भनेर राख्ने भन्दा बढी महामन्त्रीको कार्यसम्पादन र कार्यशैलीलाई लिएर टिप्पणीमा उत्रिए। केही केन्द्रीय सदस्यले महामन्त्री पार्टीको विधि र अनुशासन विपरीत कामकारबाहीमा संलग्न रहेको भन्दै कारबाहीको माग राखे।

महामन्त्रीले आफ्नो प्रतिवेदन पार्टीमा बुझाउनुभन्दा अगाडि मिडियाबाजी गरेको भन्दै आलोचना भएको छ।

ढकालले दुई वर्षदेखि महामन्त्रीको रुपमा कार्यरत छन्। 'अहिले उहाँविरुद्ध सभापतिविरुद्ध उत्रिन थाल्नुभएपछि सबैको असन्तुष्टि विष्फोट भएको छ' एक केन्द्रीय सदस्यले भने।

### एआईमाथि...

प्रतिवेदनले एकीकृत राष्ट्रिय पोर्टलको विकास गरी एआई सम्बन्धी सूचना आदानप्रदान गर्न एकीकृत संरचनाको निर्माण गर्नुपर्ने, यसमा विषयमा अनुसन्धान, विकास र उपयोगलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने भनेको छ। एआईको प्रयोगमा गति प्रदान गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने, यसको रुपान्तरणकारी प्रकृतिलाई आर्थिक सामाजिक विकासमा उपभोग गर्न राष्ट्रिय परियोजना एवम् क्षेत्रगत पहलहरूको विकास गर्नुपर्ने सुझाव दिइएको छ।

'गोपनीयता संरक्षण, पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन, एआई प्रयोगको विकास र प्रवर्द्धन लगायतका विषयमा अनुसन्धान, लगानी र सहकार्यलाई वृद्धि गर्ने रणनीति लिनुपर्ने देखिन्छ' प्रतिवेदनमा छ।

विद्यमान जनशक्तिको पहिचान गरी उनीहरूको क्षमता वृद्धि गर्नुपर्नेमा जोड दिँदै प्रतिवेदनले सार्वजनिक र निजी क्षेत्रमा दक्ष जनशक्तिको उपलब्धता पश्चात नै एआई विकास, प्रयोग र प्रवर्द्धनलाई गति दिन सकिने हुँदा यस क्षेत्रमा मानव पूँजी निर्माणमा सबैको ध्यान जानुपर्ने सुझाव दिइएको छ।

रोग निवारण र उपचार, वित्तीय सेवा र विश्लेषण, निर्माण तथा उत्पादन, शिक्षा र विकास, सञ्चार र अनुभव सुधार, सांगठनिक प्रबन्ध, सरकारी सेवा, सामाजिक सुरक्षा, खेलकुद, अनुसन्धान र विकास, कृषि, पर्यटनलगायतका क्षेत्रमा एआईको प्रयोग गर्नुपर्ने सुझाव प्रतिवेदनमा छ।

'नेपालमा आर्टिफिसियल इन्टेलिजेन्स विकासको वर्तमान इकोसिस्टमको अवस्था, प्रवर्द्धनका सम्भावित क्षेत्र, अनुसन्धान र विकास क्षमता र अगाडि बढ्ने बाटोको मूल्यांकन गर्नुपर्ने हुन्छ,' प्रतिवेदनमा भनिएको छ, 'राष्ट्रिय रणनीतिले प्रमुख क्षेत्रहरूजस्तै स्वास्थ्य सेवा, कृषि, शिक्षा, स्मार्ट सहर एवम् पूर्वाधार, स्मार्ट मोबिलिटी र यातायातका विषयमा भावी कार्ययोजना तय गर्नुपर्ने हुन्छ।'

एआई सम्बन्धी रणनीतिले डाटा र डिजिटल पूर्वाधार, एआई स्टार्टअपलाई गति दिन आर्थिक तथा वित्तीय व्यवस्था, अनुसन्धान र विकास, नैतिकता, डाटा गोपनीयता, सुरक्षा र नियमन, जनशक्तिलाई सिप र क्षमता वृद्धि, प्रविधिको औद्योगिकीकरण तथा क्षेत्रगत पहलहरू समेट्नुपर्ने प्रतिवेदनको सुझाव छ।

### विदेशमा...

सुदृढ गरौं। विदेशमा रहेका नेपालीको हितरक्षा र अधिकारलाई केन्द्रमा राखेर काम गरौं। सचिवस्तरमा प्राविधिक तयारी गर्नुस्। त्यसपछि हामी चाँडै एउटा निष्कर्षमा पुग्नेछौं।'

बैठकमा उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले राष्ट्रियताको सवाल कूटनीतिमा अभिव्यक्त भएको बताउँदै देशले परराष्ट्र मन्त्रालय र यसअन्तर्गतका निकायको सवलीकरण गर्नुपर्नेमा जोड दिए। छलफलमा अर्थमन्त्री वर्षमान पुन, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भानुभक्त जोशी, निमित्त मुख्यसचिव लीलादेवी गड्तौला, परराष्ट्र सचिव सेवा लम्साल, अर्थसचिव मधुकुमार मरासिनीलगायत प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय र परराष्ट्र मन्त्रालयका अधिकारी उपस्थित रहेका थिए।

### अमेरिका...

पक्राउ गरी थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले बताएको छ।


कर्णाली प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
स्वास्थ्य सेवा निर्देशनालय
स्वास्थ्य सेवा कार्यालय
मान्म, कालीकोट

**जिन्सी माल सामान लिलाम बिक्री सम्बन्धी बोलपत्र आब्हानको सूचना**

सूचना नम्बरः ००२/२०८०।०८१ (लिलाम)
दोश्रो पटक प्रकाशित मितिः २०८१।०३।२० गते

यस कार्यालयमा रहेका पुराना भवनहरु भत्काई निस्केका काठहरु (खोटेसल्ला तथा साल जातको), जस्तापाता र ग्रिलहरु कार्यालयको हाता भित्र घाटगध्धिमा राखिएको हुदाँ जे जस्तो अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी बोलपत्रद्धारा लिलाम बिक्रि गर्नु पर्ने भएकोले यो ७ (सात) दिनको सूचना प्रकाशित गरिएको छ। पूर्ण व्यहोरा सूचना यस कार्यालयको वेइबसाइट hsokalikot.karnali.gov.np तथा सूचना पाटीमा टाँस गरिएको छ।
सम्पर्क नं: ९८४८३३५०६०

नि. स्वास्थ्य सेवा व्यवस्थापक



**खाडी मुलुकमा गई आएको GCC DRIVER, तथा OPERATOR हरूलाई रोजगारको सुवर्ण अवसर**

कम्पनीः WARBA READY MIX CONCRETE CO. कम्पनीः Kuwait
पूर्व स्वीकृत मितिः २०८०/१२/२३ चलानी नं.: ६०२१७९८१ LT. No.: 303144 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cage Man | 5 | 0 | सम्बन्धित काममा दक्ष | 130 | ५६,५३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Cage Operator / Heavy Driver | 5 | 0 | | 150 | ६५,२२८ | | | | | | | |
| 3. | Driver | 20 | 0 | | 150 | ६५,२२८ | | | | | | | |
| 4. | Labour | 21 | 0 | | 100 | ४३,४८५ | | | | | | | |
| 5. | Roller Driver (Rubber / Heavy Driver | 5 | 0 | | 150 | ६५,२२८ | | | | | | | |
| 6. | Roller Steel Operator / Heavy Driver | 5 | 0 | | 150 | ६५,२२८ | | | | | | | |
| 7. | Senior Asphalt Labour | 9 | 0 | | 100 | ४३,४८५ | | | | | | | |

अन्तर्वार्ता विर्तामोड र मोरङमा २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २८, २९ र ३० गते (12, 13 & 14 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २००२/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,००० |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

LINK INTERNATIONAL PLACEMENT SERVICE PVT.LTD.
Govt. Lic. No.: 821/066/067 ISO 9001 : 2015
Basbari Ward No 3, Kathmandu, Tel.: 01-4956654, 4955978, 9802360330
Email: info@linknepalmanpower.com, Website: www.linknepalmanpower.com, P.O.Box: 9158



ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
कोशी प्रदेश, नेपाल

**बाढी पहिरोबाट जोगिऔं, साथै भु–क्षय न्युनिकरणका उपायहरू अपनाऔं।**

- स्थानीय बासीले बर्खाको समय भएका कारण जथाभावी सडक निर्माण नगरौं।
- यस्तो समयमा वन विनाशले पनि बाढीपहिरो निम्त्याउन सक्छ त्यसैले स्थानीय वरपर वन विनाश नगरौं।
- आफ्नो वरपर वृक्षरोपणमा ध्यान दिऔं बाढीपहिरो गएमा सहयोगी भावना निर्माण गरौ बाढी पहिरो नियन्त्रण गरौं।
- यदि बाढी पहिरोको जोखिम भएका स्थानीय ठाँउहरू भएमा त्यस्ता ठाउँ तथा क्षेत्रहरूका नदि किनारमा रूख बाँस निगालो हरू भु-क्षय रोक्ने किसीमका विरूवाहरू रोपौं सजग बनौं।
- आफ्नो बस्ती तथा समुदायमा यस्तो आपद् विपद् आइपरे तुरून्त आफ्नो जनप्रतिनिधिलाई खबर गरौ र सहयोग गरौं।
- आफ्नो वालवालिका बृद्ध बा आमाहरूलाई यस्तो जोखिमको समयमा सकेसम्म आबश्यक काममा वाहेक वाहीर हिडडुल गर्न नलगाउँ सचेत वनौं।
- स्थानीय गाउँघरमा नदि वा खोलामा बाढी आएको थाहा पाएमा नदिको लल्लो भागमा बस्ने समुदायहरूलाई सूचना दिऔ तथा जनप्रतिनिधीलाई खवर गरौं।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं
- स्थानीय भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, नहर कुलो जस्ता विभिन्न संरचना बनाऔ। आफुपनि बाच अरूलाईपनि बचाऔं।



**यूएई रोजगारको अवसर** | कम्पनी : HONEST HANDS CLEANING SERVICES शहरः DUBAI

पूर्व स्वीकृत मितिः २०७९/१२/२७ चलानी नं.: ६०१९९८२९ L.T. No.: 284101 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 4 | 10 | स. काममा दक्ष | 1000 | ३६,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला।

Vision International Employment Pvt. Ltd.
Govt. Lic. No. 392/059/060
Satdobato,near Olympic Building, Lalitpur, Kathmandu, Phone: 5201283
Fax: 5200523, P.O.Box: 8975, EPC 1858
Email: emp.vision12@gmail.com, Website:www.visioninte.com



**साइप्रसमा रोजगार** कम्पनीः D.I. MAIN-LINE JOB AGENCY शहरः Limassol

पूर्व स्वीकृत मितिः २०८१/०३/१९ चलानी नं.: ६०२२१८७६ LT. No.: 307197

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 15 | 5 | स. काममा दक्ष | 1000 | १४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः D.I. MAIN-LINE JOB AGENCY शहरः Limassol
पूर्व स्वीकृत मितिः २०८१/०३/१९ चलानी नं.: ६०२२१८७५ LT. No.: 307196

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters | 10 | 10 | स. काममा दक्ष | 1000 | १४२,९०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः D.I. MAIN-LINE JOB AGENCY शहरः Limassol
पूर्व स्वीकृत मितिः २०८१/०२/२७ चलानी नं.: ६०२२०७७१ LT. No.: 306045 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 15 | 5 | स. काममा दक्ष | 750 | १०७,१७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः D.I. MAIN-LINE JOB AGENCY शहरः Limassol
पूर्व स्वीकृत मितिः २०८१/०२/२७ चलानी नं.: ६०२२०७७० LT. No.: 306044 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Housekeeping | 0 | 20 | स. काममा दक्ष | 700 | १००,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनीः D.I. MAIN-LINE JOB AGENCY शहरः Limassol
पूर्व स्वीकृत मितिः २०८१/०२/२७ चलानी नं.: ६०२२०७७२ LT. No.: 306046 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 5 | 15 | स. काममा दक्ष | 700 | १००,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा मिति २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ।

"Candidates with relevant work experience and strong English proficiency are encouraged to apply." Priority for Overseas Experience !

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ८०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला।

LANGTANG OVERSEAS PVT.LTD.
Govt. Lic. No.:1643/080/081
Basundhara-03, Kathmandu Nepal. Tel No: 014971229, 015903078, 015903079
info@langtangoverseas.com www.langtangoverseas.com
9707312439 | 9810319676 | 9851358932 | 9851354196 | 9761841219



**Cyprus मा रोजगारको अवसर**

कम्पनीः- Orthodoxou Employment Bureau Ltd., Cyprus, Larnaca
पूर्व स्वीकृती मितिः-२०७९।१२।७ चलानी नं. ६०१९८४९७ LT.No. 283128 पूनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cooks | 3 | काममा दक्ष | 850 | १,२१,४६५।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.३०,०००।- |

अन्तर्वार्ता २०८१ असार २७ गते (11 July, 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला। ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला। ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। सो को १ प्रति आफूसंग राख्नु होला। ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला।

Apps Services Pvt.Ltd.
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

# टिआरसी विधेयकमा सहमति जुटाउन कार्यदलले थाल्यो छलफल



**काठमाडौं / मस**–सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयक (टिआरसी)मा नमिलेका विषयमा सहमति खोज्न गठित कार्यदलले प्रारम्भिक छलफल शुरु गरेको छ ।

सिंहदरबारमा बुधबार बसेको कार्यदलको पहिलो बैठकले विधेयकमा विमतिका विषयबारे सहमति जुटाउन छलफल अगाडि बढाएको कार्यदलका सदस्य महेश वर्तौलाले जानकारी दिए ।

बैठकमा बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्यनिरूपण तथा मेलमिलाप आयोग ऐनलाई संशोधन गर्न बनेको विधेयकमा रहेका विमतिबारे छलफल भएको उनले बताए ।

'विधेयकमा सहमति जुटाउनेगरी छलफल सुरु गरेका छौँ । विशेषगरी मानवअधिकारको गम्भीर उल्लंघन, हत्याको परिभाषा, सशस्त्र द्वन्द्वका क्रममा भएका घटना र प्रभावित व्यक्ति तथा महान्यायाधीवक्ताले गम्भीर मानवअधिकार उल्लंघनका विषयमा गर्ने मागदाबीलगायत चार विषयमा सहमतिमा छलफल भएको हो । चाँडै असमतिका विषयलाई निष्कर्षमा पुऱ्याउँछौँ', वर्तौलाले भने ।

कार्यदल सदस्य रमेश लेखकले टिआरसी विधेयकमा सहमति जुटाउन बैठकमा सकारात्मक छलफल भएको बताए । अर्का सदस्य जनार्दन शर्माले छलफल सकारात्मक ढंगले अगाडि बढेकाले चाँडै असहमतिबारे चाँडै टुङ्गोमा पुग्ने विश्वास व्यक्त गरे ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी विधेयकमा नमिलेका विषयमा सहमतिका लागि केही दिनअघि सहजीकरण कार्यदल गठन गरिएको थियो । प्रमुख तीन दल नेपाली कांग्रेस, नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)का शीर्ष नेताको सहमतिमा कार्यदल गठन गरिएको हो । कार्यदलमा कांग्रेसबाट लेखक, एमालेबाट वर्तौला र माओवादीबाट शर्मा सदस्य छन् । कार्यदलले यसअघिको मस्यौदामा भएका असहमतिका चार बुँदामा छलफलगरी साझा धारणा बनाउने छ ।

# मापदण्डविपरीत तेल उत्पादन गर्ने कम्पनीलाई जरिवाना



**काठमाडौं / मस**–काठमाडौं महानगरपालिकाले मापदण्ड विपरीत तेल उत्पादन गर्ने चारवटा 'ब्रान्ड'का उत्पादक कम्पनीलाई आठ लाख जरिवाना गराएको छ । कामपाले १३ वटा ब्रान्डका खाने तेलको नमूना परीक्षण गर्दा चारवटा ब्रान्डमा नेपाल सरकारले तोकेको पारोक्साइड भ्यालु धेरै भएको पाएपछि जरिवाना गरेको हो ।

मापदण्डभन्दा धेरै पारोक्साइड भ्यालु र एसिड भ्यालु भइ सरकारले तोकेको गुणस्तर नभएकोमा २०८० पुस २७ गते उत्पादन भएको, पक्वान ब्रान्डको ब्याच/लट नं-२ को रिफाइन सोयाबिन आयल रहेको महानगरले जनाएको छ । यो श्रीराम रिफाइन्ड आयल प्रोडक्ट, मोरङको उत्पादन रहेको कामपा कृषि तथा पशुपन्छी विभाग प्रमुख नुरनिधि न्यौपानेले जानकारी दिए ।

प्रमुख न्यौपानेका अनुसार विसं २०८० कात्तिकमा उत्पादन भएको अमृत ब्रान्डको ब्याच/लट नं. ११ को रिफाइन सोयाबिन आयल र २०२४ अप्रिल महिनामा उत्पादन भएको क्वालिटी ब्रान्डको ब्याच/लट नं ०८ को रिफाइन सोयाबिन आयलमा सरकारले तोकेको मापदण्ड नपाइएकाले जरिवाना गराइएको हो । यी उत्पादनहरु क्रमशः अन्नपूर्ण भेजिटेबल प्रोडक्ट प्रा लि, वीरगञ्ज पर्सा र क्वालिटी आयल रिफाइनरी प्रालि, कटहरी विराटनगरका हुन् ।

विसं २०८० माघमा उत्पादन भएको, ब्याच/लट नं १० को फेमिली ब्रान्डको आयातीत तोरीबाट स्वदेशमा उत्पादन भएको तेलमा पारोक्साइड भ्यालु मापदण्डमा नरहेको पाइएको प्रमुख न्यौपानेले जानकारी दिए । यो शिवशक्ति घ्यू उद्योग जीतपुर, बाराको उत्पादन हो । उक्त ब्रान्डहरुको नमूना परीक्षणका लागि कामपाले गत वैशाख ३१ गते 'राष्ट्रिय खाद्य तथा दाना रिफरेन्स प्रयोगशाला' बबरमहल पठाइएको थियो । यससँगै खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागमा गरिएको प्रयोगशाला परीक्षण विश्लेषणको प्रतिवेदन प्राप्त भएपछि उक्त ब्रान्डहरुलाई कारबाही गरिएको हो ।

'नतताउँदा देखिएको यो भ्यालु तताएपछि झन् बढ्छ । यसो हुनु भनेको तेल अझ अखाद्य हुनु हो', प्रमुख न्यौपानेले भने । मिसावट भेटिएका उक्त तेल तीन दिनभित्र फिर्ता ल्याएर तेल नष्ट गरिएको प्रमाणसहित उपस्थित हुन सम्बन्धित निकायलाई कामपाले पत्राचार गरेको छ ।

# स्वदेशमै जैविक मल उत्पादन गरिँदै



**काठमाडौं / मस**–नेपालमा रासायनिक मल उत्पादन गर्ने कारखाना नभएकाले कृषि तथा पशुपक्षी विकास मन्त्रालयमार्फत अनुदानमा अन्तर्राष्ट्रिय बजारबाट आयात गरेर किसानसम्म पुऱ्याउँदै आएको छ ।

किसानले खुला सीमापारिका बजारमा सहज रूपमा रासायनिक मल पाउने तथा अवैधानिक व्यापारबाट पनि भित्रिने गरेकाले सरकारले विसं २०६५ चैत १२ गतेदेखि अनुदानमा अन्तर्राष्ट्रिय बजारबाट आयात गरेर किसानसम्म पुर्याउने निर्णय लिएको थियो । कृषि सामग्री कम्पनी लिमिटेडका सूचना अकिारी पुण्यप्रसाद उपाध्यायका अनुसार यस वर्षका लागि मल मौज्दात रहेको बताउँदै थप मल आयात हुने प्रतियामा रहेकाले अभाव नहुने जानकारी दिए । जैविक (कम्पोष्ट) मल ठूलो मात्रामा उत्पादन भएर सहज ढुवानी गर्नसके किसानले थप प्रतिफल प्राप्त गर्न सक्ने उनले बताए ।

'सरकारी प्रयासमा एकपटक जैविक मल (भर्मिक कम्पोष्ट) उत्पादन र वितरणको प्रयास भएको थियो तर त्यो सफल भएन', उपाध्यायले भने, 'ठूलो मात्रामा नियमित माग हुने भएकाले निजी क्षेत्रबाट उत्पादन हुने जैविक मल प्रयोगमा आउनुलाई सकारात्मक मान्न सकिन्छ । किसानका मागका आधारमा यसको उत्पादन र ढुवानी भने भएको छैन ।' कम्पनीका अनुसार मुलुकमा हाल २६ हजार मेट्रिक टन युरिया मल मौज्दात छ भने ३० हजार मेट्रिक टन युरिया आउने प्रक्रियामा छ । डिएपी मल १२ हजार मेट्रिक टन मौज्दत रहेको जनाउँदै कम्पनीका सूचना अधिकारी उपाध्यायले थप ३५ हजार आयात गरिएको बताए । उनका अनुसार पोटास मल सात हजार मेट्रिक टन मौज्दात छ ।

कृषिप्रधान नेपालमा रासायनिक मलको बढ्दो मागका कारण बर्सेनी आयात बढाउनुपर्ने बाध्यता रहनुका साथै रासायनिक मलको प्रयोगले माटोको उर्वराशक्ति खेर गइरहेको उनको भनाइ छ । वैदेशिक व्यापारघाटालाई सन्तुलित तुल्याउन सरकारले नीतिगत व्यवस्था गरेकाले निजी क्षेत्रको लगानीमा स्वदेशमै जैविक मल उत्पादन शुरु गरिएको उनले जानकारी दिए ।

धनुषाको धनुषाधाम नगरपालिका-३ स्थित 'आरोह फर्टिलाइजर्स प्रालि'ले किसानको जैविक मलको मागलाई ध्यानमा राखी गत आइतबारदेखि आफ्नो उत्पादनलाई बजारमा पठाउन थालेको छ ।

स्वदेशका अधिकांश कच्चा पदार्थको प्रयोगबाट जैविक दानेदार र तरल मल उत्पादन गरेको प्रालिका कार्यकारी अध्यक्ष शैलेन्द्रशम्शेर राणाले जानकारी दिए । उनका अनुसार कम्पनीले 'हरियो नेपालतर्फ एक पाइला' भन्ने अवधारणाअनुरुप वातावरणमैत्री र माटोमा उर्वराशक्ति बढाउने मल बजारमा पठाउन थालेको हो ।

प्रालिका प्रबन्ध निर्देशक आङकामी लामाले उद्योगले कच्चा पदार्थ सहज उपलब्धता भएसँगै मलको मागलाई दृष्टिगत गरी वार्षिक रूपमा ३० हजार मेट्रिक टनसम्म जैविक मल उत्पादन गर्ने योजना बनाएको जानकारी दिए । उत्पादित जैविक मलको प्रयोगले जमिनको उर्वराशक्ति पाँच वर्षमा पुरानै अवस्थामा पुऱ्याउने, कृषि उत्पादन बढाउने र उत्पादित वस्तु सम्पूर्ण हिसाबले अर्ग्यानिक हुने उनले बताए ।

कम्पनीका कार्यकारी निर्देशक सवार्थशम्शेर जबराले नेपाली कृषकले बालीनाली लगाउने मनसुनमा सधैँ रासायनिक महलको हाहाकार भोग्नुपरेको घटनालाई सम्बोधन गर्न आधुनिक प्रविधिबाट मुलुकको माटो र हावापानी सुहाउँदो बायो अर्ग्यानिक (जैविक) मल उत्पादनमा जोड दिइएकोबताए ।


## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

PRO : 1 (M/F)
Salary: Negotiable

सम्बन्धित क्षेत्रमा २ देखि ३ बर्ष काम गरेको अनुभव हुनुपर्नेछ ।
योग्य उम्मेदवारले आफ्नो बायोडाटा, हालचालै खिचेको पासपोर्ट साइजको फोटोसहित इमेल मार्फत वा तलको फोनमा सम्पर्क गर्नुहोला ।
साथै ड्राइभिङ लाइसेन्स पनि अनिवार्य हुनु पर्नेछ ।
Please send your CV: timesglobel.doc@gmail.com
Contact: 01-4958558/4958559

Gov. Lic. No. 1540/078/79
SURE JOB RECRUITMENT PVT. LTD.
Samakhusi-26 townplanning Gongabu



## पार्टनर चाहियो

चालु अवस्थामा भएको एक प्रतिष्ठित मेनपावरको लागि साउदीको लागि प्रोफिट पार्टनर चाहिएको हुनाले इच्छुक व्यक्तिहरूले सम्पर्क गर्नु होला ।

सम्पर्कः ९८४०३८६६४१



## संस्था खारेज गरिएको सूचना

यस संस्थाको मिति २०८१।०३।०९ गते सम्पन्न छैठौं वार्षिक साधारण सभाले संस्था खारेज गर्ने निर्णय भएको हुँदा कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस संस्थामा दावी गर्न आउनुहुन सम्बन्धीत सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हकदावी गर्न नआएमा यस संस्था नियमानुसार खारेज गरिनेछ ।

श्री अष्टभुजा समाज, बु.न.पा.-१०, कपन, काठमाडौं
फोन नं. ९८६११२१६७६, ९८५१०६०१८१


# मनाङको बाटो सधैं जोखिमपूर्ण

**नविन अंकुर / मध्यान्ह**
मनाङ, १९ असार



मनसुनसँगै हिमाली जिल्ला मनाङमा बाढीपहिराको जोखिम बढ्दै गएको छ । निरन्तरको वर्षासँगै चामे गाउँपालिका-१ तिमाङ खोलाको बहाव बढेर आएको छ । लगातार परेको वर्षाका कारण बाढीले काठेपुल बगाउँदा डुम्रे-बेशिसहर पूर्णरुपमा अवरुद्ध हुँदै आएको छ । मनसुन शुरु भएसँगै स्थानीयवासीमा त्रास बढेको छ ।

मनाङ बाढीपहिराको जोखिम क्षेत्र मानिन्छ । त्यसैले मनाङवासीलाई बाढीपहिरोको सधैँ त्रास रहन्छ । पर्यटकीय क्षेत्र भएकाले पर्यटकको यहाँ बाह्रैमास आवगमन हुने गर्छ । बाढीपहिराका कारण सडक अवरुद्ध भइरहँदा उनीहरुले सास्ती भोग्नुपर्ने अवस्था छ ।

तिमाङ खोलाले काठे पुल बगाएपछि अवरुद्ध भएको सडक खुलाउन सकस भएको छ । खोलाको बहाव नघट्दासम्म उक्त सडकमा सवारीसाधन नचलाउन जिल्ला प्रशासन कार्यालयले सूचना जारी गरेको छ ।

बाढीपहिराका कारण सडक मात्र नभइ मनाङमा विद्युत्, खानेपानी सेवा पनि ठप्प हुन्छ । सदरमुकाम चामेमा समय समयमा सञ्चार सम्पर्क टुट्ने समस्या छ । सडक अवरुद्ध हुँदा जिल्लामा खाद्यान्न, औषधि, इन्धनलगायतका अत्यावश्यक वस्तुको अभाव हुने गरेको छ । स्थलमार्ग डुम्रे-बेँसीशहर-चामे सडक सञ्चालन गर्न सकस हुँदै आएको छ । बिरामीलाई उपचारका लागि अस्पताल पुग्न निकै कठिन हुन्छ । 'वर्खामा जोखिम र सकसपूर्ण अवस्था मोल्नु पर्छ', मनाङका पर्यटन व्यवसायी विनोद गुरुङले भने । सो अवधिमा सबैभन्दा बढी सकस खाद्यान्न ढुवानी गर्न हुने गरेको उनको भनाइ छ ।


## शुन्य लागतमा घरेलु कामदारलाई Jordan मा रोजगारी

कम्पनीः SAHAR HINDA WI EST (FOR IMPORTATION & EMPLOYMENT NON JORDAIAN DOMESTIC WORKER) शहरः Jordan
पूर्व स्वीकृत मितिः २०८१/०३/१९ चलानी नं.: ६०२२१८७३ LT. No.: 307117

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब USD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker/housemaid | 0 | 49 | सम्बन्धित काममा दक्ष | 350 | ४६,६६२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Office Secretary | 0 | 1 | | 400 | ५३,३२८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

EARTH VISION MANPOWER SERVICES PVT. LTD.
Jayabageshwori, Kathmandu, Nepal, Tel.: 4481192
9801102204, 9801102202, Email:earthvision2016@gmail.com
Govt. Lic. No. 749/064/065



## युएईमा रोजगार

कम्पनीः PYTHON GENERAL SECURITY GUARD SERVICES CO LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०३/१९ चलानी नं.: ६०२२१८७४ L.T. No.: 307152

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security | 6 | 0 | स. काममा दक्ष | 1200 | ४३,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

Five Star International Overseas Pvt. Ltd.
Lic. No.: 205/057/058 GPO Box: 8975, EPC: 1801, Nakhu Dobato, Lalitpur, Tel.: 5542662, Fax: 5544843



## SAUDI ARABIA को ARAMCO PROJECT मा रोजगारको अवसर

कम्पनी : ARABIAN MACHIENARY AND HEAVY EQUIPMENT COMPANY शहरः AL KHOBAR
पुर्व स्वीकृत मितिः २०८१/०३/०२ चलानी नं.: ६०२२१२२३ L.T. No.:306537 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Equipment Driver | 68 | 0 | सम्बन्धित काममा दक्ष | 1800 | ६३,९७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 5 | 0 | | 1800 | ६३,९७२ | | | | | | | |
| 3. | Light Driver | 2 | 0 | | 1500 | ५३,३१० | | | | | | | |
| 4. | Bus Driver | 1 | 0 | | 1800 | ६३,९७२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन ५ र ६ गते (20 & 21 July 2024) मा हुनेछ ।

नेपाली लाइसेन्स भएकाहरूलाई पनि अन्तर्वार्तामा समावेश गरिने छ । यसै कम्पनीको लागि Crane Operator को पनि माग भई आएकोले नि:शुल्क परामर्शको लागि यस मेनपावर कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

सन हिल्स ओभरसिज सर्भिसेज प्रा. लि.
छाउनी मार्ग, सितापाईला, काठमाडौं, फोनः ०१-५९०४०५८
Gov.Lic. No. 818/066/067 Email : sunhillsoverseas@gmail.com, info@sunhillsoverseas.com, Web: sunhillsoverseas.com
Mobile : 9813737367 9851343472,9851343372,9851343572,9802367172



GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
२० असार २०८१, बिहीबार
4 July 2024, Thursday

## सम्पादकीय

# लोकतन्त्रकै चिन्ता

संघीय संसद्को सवैभन्दा ठूलो दल नेपाली कांग्रेस र दोस्रो ठूलो दल नेकपा एमाले मिलेर बन्ने सरकारको चुनौतीबारे विभिन्न दृष्टिकोणबाट टिप्पणी सुरू भएको छ । गत सोमबार राति कांग्रेस सभापति शेरबहादुर देउवा र एमालेका अध्यक्ष केपी शर्मा ओलीबीच वर्तमान सरकार परिवर्तन गर्ने निर्णय भएको छ । संसद्मा ८८ सिट रहेको कांग्रेसको समर्थनमा ७९ सिट रहेको एमाले अध्यक्ष ओली प्रधानमन्त्री बन्न लागेकाले त्यस्तो टिप्पणी हुनु स्वभाविक हो । किनकि संसद्को दुवै ठूलो दल मिलेर बन्ने अवस्था हुँदा त्यस्तो सरकारलाई सन्तुलनमा राख्ने अर्को शक्ति हुँदैन । त्यसैले सामान्यतयाः दुई ठूला दल मध्ये एउटा प्रमुख प्रतिपक्षमा बस्ने प्रचलन रहिआएको छ । किनकि सत्ताको नेतृत्व गर्नेले कमजोरी गर्दा प्रतिक्षमा रहेका दलले वैकल्पिक सरकार बनाउन सक्छन् ।

तर कांग्रेस र एमाले रहेको संयुक्त सरकार रहेसम्म अर्को सरकार बनाउन संभव हुँदैन । त्यसैले प्रतिपक्षले वैकल्पिक सरकार बनाउन सक्दैन । वैकल्पिक सरकार मात्र नभएर सरकारका नियमित कामकार्बाहीप्रति बलियोगरी प्रश्न उठाउने सामर्थ्य समेत प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग देखिदैन । तसर्थ संयुक्त सरकारका कारण मुलुकलाई पुग्न जाने चुनौतीबारे राजनीतिक वृत्तमा विश्लेषण हुँदै आएको छ । बलियो सरकार हुँदा लोकतन्त्र, संविधान र संवैधानिक प्रणाली कसरी जोगाउने भन्ने विमर्श हुनु राम्रै हो । किनकि बलियो सरकारले आफूखुशी कानून परिवर्तन गरिदिन सक्छ अथवा मनमौजी निर्णय गरेर अगाडि बढ्न सक्छ । त्यो अवस्थालाई रोक्न नागरिक समाज, मिडिया लगायत लोकतान्त्रिक संस्थाहरू बलियो हुन जरूरी छ ।

तर त्यसको बदला फेरि विदाइ हुन लागेका नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड सत्ताको खेलमा फर्कनु उचित विकल्प होइन । त्यसैपनि उनलाई सत्ता सञ्चालनको जनादेश होइन । २७५ सदस्यीय प्रतिनिधिसभामा जम्मा ३२ सिट रहेको माओवादीका अध्यक्षलाई मुलुकको प्रधानमन्त्री बनाउनु आफैमा निकास होइन । तर कुनैपनि दलको प्रष्ट बहुमत नआएको लाभ उठाउँदै प्रचण्डले पहिलो र दोस्रो दलमाथि खेल्दै आएका छन् । ठूला दलहरूलाई भिडाएर प्रचण्डले सरकारको नेतृत्व गर्दै आएका थिए । १९ महिनापछि भने प्रचण्डले खेलिरहेको दोहोरो भूमिका अन्त्य गर्नेगरी कांग्रेस र एमाले मिलेका छन् । अब प्रचण्डले यी दुई दलको संयुक्त सरकारलाई सकारात्मक तवरले सहयोग गर्न जरूरी छ । यसको अर्थ सरकारले गर्ने गलत निर्णयको पक्षपोषण गर्ने होइन । तर तत्काल अर्को राजनीतिक अस्थिरता निम्त्याउनेगरी सत्ता–स्वार्थको चलखेल राम्रो होइन ।

## तपाईंको राशिफल

मेष : पारिवारिक विवाद हुनसक्छ । यात्रा सफल र सुखद रहनेछ ।

वृष : नाता-गोतासँग मनमुटाव रहनेछ । आहारमा ध्यान दिनुहोला ।

मिथुन : अनावश्यक खर्चको योग छ । वाहन सावधानी राख्नुहोला ।

कर्कट : लापरवाहीले गर्दा अशान्ति र रुकावटको योग छ ।

सिंह : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । अर्काको कारण विवादमा पर्न सकिन्छ ।

कन्या : पैतृक सम्पत्ति प्राप्तीको योग छ । राजकीय कार्यमा वृद्धि हुनेछ ।

तुला : सामाजिक सहयोग बढ्नेछ । सम्मानमा वृद्धि हुनेछ ।

वृश्चिक : साथीभाइबीच सम्बन्ध राम्रो भइरहनेछ । मनोबल उच्च रहनेछ ।

धनु : सबै कार्यमा विनम्रता र धैर्य राख्नुपर्छ । सफलता प्राप्त हुने योग छ ।

मकर : राजनैतिक लाभ प्राप्त हुनेछ । सबै कार्यमा धैर्यता राख्नुपर्छ ।

कुम्भ : स्वास्थ्य राम्रो रहनेछ । अर्कोसँग विवादमा पर्ने योग छ ।

मीन : मुद्दा मामिलामा सफलता मिल्नेछ । पराक्रम बढ्ने योग छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# समावेशिता र आरक्षणको खसआर्यकरण !

*आरक्षण राज्यसत्ताबाट बहिष्करणमा पारिएका समुदाय र समूहहरूलाई मूल्यप्रवाहिकरण गर्नको लागि अवलम्बन गरिने सकारात्मक विभेद हो । असमान समूहबीचको प्रतिस्पर्धाले सामाजिक न्याय स्थापित हुन नसक्ने भएकाले समान समूहबीचमा प्रतिस्पर्धा गराउने विधि हो ।*

अग्रलेख



● निष्णु थिङ

नेपालको संविधानले 'खसआर्य'को स्पष्टीकरण क्षेत्री, ब्राम्हण, ठकुरी, सन्यासी (दशनामी) समुदाय दिएको छ । अरु कुनैपनि समुदायको यसरी स्पष्टीकरण दिएको छैन । संविधान निर्माताहरूले खसआर्य बाहेक कसैलाई यसरी परिभाषित गर्नुपर्ने आवश्यकता ठानेन । त्यसैले अन्तरिम संविधान २०६३ ले 'अन्य' दर्जा दिएको समुदायलाई २०७२ को संविधानले खसआर्य परिभाषित गरे । यो संविधानले खसआर्य पहिचानलाई स्थापित गरिदियो ।

### समावेशिता र आरक्षणको बहस

नेपालमा समावेशिताको बहस मूलतः बहुजातीय समाजमा एकल जातीय राज्यसत्ताको कारणले गर्दा उठेको देखिन्छ । जसरी समाज बहुजातीय र विविधतायुक्त छ, त्यस्तै राज्य नभएकोले गर्दा समावेशीकरणको मूल मुद्दा उठ्दै आएको छ ।




समावेशीकरणको मूल उद्देश्य नै जस्तो विविध र बहुजातीय समाज र देश छ, त्यस्तै राज्य बनाउने अभियान हो । एकल जातीय चरित्रको राज्यलाई बहुजातीय र समावेशी राज्यमा रूपान्तरण गर्नको लागि समावेशीकरणको बहस अगाडि आएको हो । त्यसैले, यो साझा मुलुक निर्माणको थालनी हो । सबै मिलेर देश बनाउने सोच नै समावेशीकरणको प्रमुख मर्म हो ।

राज्यलाई समावेशी बनाउन निश्चित विधिहरू चाहिन्छ । ती विश्वव्यापी विधि आरक्षण हुन् । आरक्षणको माध्यमबाट नै समावेशीकरणको प्रक्रियालाई संस्थागत गर्न सकिन्छ । वास्तवमा आरक्षणको व्यवस्था गर्नाको वैज्ञानिक र उचित कारणहरू छन् । पहिलो, समावेशिता वृद्धि गर्न, दोस्रो, इतिहासले सिर्जना गरेका असमानतालाई न्यूनीकरण गर्न, तेस्रो, विगतमा भोगेको अन्यायको क्षतिपूर्ति गर्न, चौथो, समानता र समतामूलक समाज र राज्य निर्माण गर्न, पाँचौं, सामाजिक न्याय स्थापित गर्न, छैठौं, द्वन्द्व व्यवस्थापन गर्न, सातौं, राज्यमा कमजोर उपस्थिति हुनेलाई माथि ल्याउन र आठौं, विविधतामा एकता र सहिष्णुता स्थापना गर्न ।

### विद्यमान चित्र

अन्तरिम संविधान-२०६३ जारी भयो । समावेशीकरण सिद्धान्तलाई त्यो संविधानले स्वीकारेको थियो । त्यसैले, नेपालमा पहिलो पटक आरक्षण लागू गर्ने बहस चल्यो । त्यसपछि तत्कालिन सामान्य प्रशासन मन्त्रालयले अध्ययन गऱ्यो । मन्त्रालयले 'निजामती सेवामा आरक्षण अध्ययन प्रतिवेदन-२०६३' को आधारमा निजामती ऐन-२०४९ लाई सशोंधन गरेर आरक्षण लागू गर्ने नीति लियो । सो अध्ययन प्रतिवेदनले राजपत्रांकित अधिकृतस्तरमा बाहुन ५८.३ प्रतिशत (चार हजार सात सय २१ जना), नेवार १४.२ प्रतिशत (एक हजार एक सय ५२ जना) क्षेत्री १३.३ प्रतिशत (एक हजार ८० जना) आदिवासी जनजाति (नेवारबाहेक) ३.३ प्रतिशत (दुई सय ६३ जना), दलित ०.९ प्रतिशत (७४ जना) तथा मधेशी, मुस्लिम र मारवाडी ९.९ प्रतिशत (आठ सय पाँच जना) रहेको तथ्यांक देखाएको थियो । यो तथ्यांकले खसआर्यको ७१.६ प्रतिशत राजपत्रांकित श्रेणीमा उपस्थिति रहेको देखाएको थियो ।

त्यसैगरी, राष्ट्रिय समावेशी आयोगले (२०७९) जिल्ला प्रमुख अधिकारी (सिडियो) र प्रमुख प्रशासकीय अधिकृत तहमा अध्ययन गरेको थियो । सो अध्ययन प्रतिवेदनले ७७ वटा जिल्लाको प्रजिअमा मधेशी चार जना (पाँच प्रतिशत), आदिवासी जनजाति तीन जना (३.८९ प्रतिशत), दलित दुई जना (२.५ प्रतिशत) र खसआर्य ६८ जना (८८.६१ प्रतिशत) तथ्यांक देखायो । उसैगरी, सात सय त्रिपन्न पालिकाहरूमा प्रमुख प्रशासकीय अधिकृतमा मधेशी ७४ जना (१७.४९ प्रतिशत), आदिवासी जनजाति ८१ जना (१९.१४ प्रतिशत), दलित ११ जना (२.६ प्रतिशत), महिला आठ जना (१.८१ प्रतिशत) र खसआर्य पाँच सय ७९ जना (५८.८८ प्रतिशत) रहेको देखायो ।

### खसआर्यलाई आरक्षण

हाल एक संघीय सरकारसहित सातवटा प्रादेशिक र सात सय त्रिपन्न वटा सरकारहरू छन् । सात वटै प्रादेशिक सरकारहरूले आफ्नो बेग्लै निजामती सेवा ऐनहरू बनाइसकेका छन् । ती ऐनहरूमा खसआर्यलाई बेग्लै आरक्षण छुट्याएका छन् । त्यसको लागि विपन्न खसआर्य नयाँ र बेग्लै समूह (क्लष्टर) नै बनाएका छन् । एक नम्बर प्रदेशमा छ प्रतिशत, मधेशमा चार प्रतिशत, बागमतीमा छैन, गण्डकी प्रदेशमा १० प्रतिशत, लुम्बिनी प्रदेशमा सात प्रतिशत र खसआर्य महिलाको लागि बेग्लै १५ प्रतिशत, कर्णाली प्रदेशमा ४५ प्रतिशत र सुदूरपश्चिम प्रदेशमा ११ प्रतिशत विपन्न खसआर्यका लागि आरक्षणको व्यवस्था गरेको छ । (हेर्नुहोस् सातैवटा प्रदेशका निजामती सेवा ऐनहरू) प्रस्तावित संघीय निजामती विधेयक, २०८० संसदमा विचराधीन छ । जसले विपन्न खसआर्यको लागि १० र खसआर्य महिलाको लागि २७ प्रतिशत आरक्षणको व्यवस्था गरेको छ ।

त्यस्तै, राजनीतिक दलहरूले समानुपातिक निर्वाचन प्रणालीको बन्दसूचीबाट प्रतिनिधिसभा, राष्ट्रिय सभा, प्रदेश सभामा प्रतिनिधित्व गराउँदै आइरहेका छन् । प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा निर्वाचन ऐन, २०७४ र प्रदेश सभा सदस्य निर्वाचन नियमावली, २०७४ कानूनका आधारमा समानुपातिक प्रतिनिधित्व गराउँछ । यही कानून बमोजिम सघींय प्रतिनिधिसभा र राष्ट्रिय सभामा खसआर्यलाई ३१.२ प्रतिशत प्रतिनिधित्व गराउदै आएको छ । त्यसैगरी, प्रदेशहरूमा पनि खसआर्यलाई प्रतिनिधित्व गराउदै आएको छ । एक नंबर प्रदेश सभामा २७.८४ प्रतिशत, मधेश प्रदेश सभामा ४.८९ प्रतिशत, बागमती प्रदेश सभामा ३७.०९ प्रतिशत, गण्डकी प्रदेश सभामा ३७.२४ प्रतिशत, लुम्बिनी प्रदेश सभामा २८.८४ प्रतिशत, कर्णाली प्रदेश सभामा ६२.२ प्रतिशत र सुदूरपश्चिम प्रदेश सभामा ६०.०२ प्रतिशतका दरले खसआर्यलाई प्रतिनिधित्व गराइएको छ ।

### आरक्षणको खसआर्यकरण

आरक्षण राज्यसत्ताबाट बहिष्करणमा पारिएका समुदाय र समूहहरूलाई मूलप्रवाहिकरण गर्नको लागि अवलम्बन गरिने सकारात्मक विभेद हो । असमान समूहबीचको प्रतिस्पर्धाले सामाजिक न्याय स्थापित हुन नसक्ने भएकाले समान समूहबीच प्रतिस्पर्धा गराउने विधि हो । सीमान्कृत समुदायलाई मूलधारमा ल्याउन आरक्षण दिइने गरिन्छ । राज्यसत्तामा कमजोर उपस्थिति भएको समुदायलाई सबलीकरण गर्न अपनाइने प्रक्रिया पनि हो ।

नेपालमा राज्यसत्ताले लामो कालखण्डदेखि दबाइएका, वञ्चितीकरणमा पारेका आदिवासी जनजाति, मधेशी, दलित, मुस्लिम, महिला, कर्णाली क्षेत्रलगायतलाई माथि उकास्न आरक्षण र समावेशीकरणको नीति अवलम्बन गरिएको हो । समावेशीकरण र आरक्षणलाई २०६४ सालदेखि राजनीतिक वृत्त र प्रशासन दुवैमा लागू गर्न थालिएको हो । खसआर्यले नेतृत्व गरेका राजनीतिक दलहरूले यो मुद्धालाई प्रारम्भमा आफ्नो राजनीतिक आकर्षण र शक्ति आर्जनका लागि उठाउन थाले । यहाँका सीमान्तकृत र ऐतिहासिककालदेखि विभेद र दमनमा पारिएका समुदाय, समूह र लिङ्गलाई मुक्ति दिने मुक्तिदाताको रूपमा आफूलाई प्रस्तुत गरे । त्यहीँ किसिमको नारा लगाएर राजनीतिक शक्ति र हैसियत प्राप्त गरे । जब समावेशीकरण र आरक्षणले आकार लिन थाले, उहीँ खसआर्य समूहले यसको धुरन्धर विरोध पनि गरे ।

यसलाई अलमल्याउन र दिग्भ्रमित गर्न अनेक किसिमका भाष्यहरू निर्माण गरे । नकारात्मक धारणा र भाष्यमार्फत् समावेशीकरण र आरक्षणको विरोध गरेका खसआर्य समूहले यसले गुणवत्तामा(मेरिटोक्रेसी) विकृति ल्याउने सम्मका तर्कहरू गरे । योग्यतातन्त्रको(मेरिटोक्रेसी) वकालत गरेका यहीँ समूहले समावेशीकरण र आरक्षण कार्यान्वयन हुने नै भएपछि जातिको आधारमा होइन वर्गको आधारमा आरक्षणको व्यवस्था गर्नु पर्ने तर्क अघि सारे । समावेशीकरणको नीति र आरक्षणको व्यवस्था गर्नुलाई आफ्नो गाँस खोसिएको ठानेर चिन्ता गर्न थाले । शताब्दीयौं जसले राज्यबाट केही पाएनन्, राज्यले बहिष्करण मात्रै गरिरहे । सबैका हिस्सा आफूले मात्रै उपभोग गरुन्जेल सामाजिक सदभाव कायम भएको र अब अरु हिस्सेदारले आफ्नो भाग दावी गर्न थालेपछि साम्प्रदायिक र जातिवादी र सामाजिक सदभाव विथोलेको समेत बिल्ला लगाए । आरक्षणलाई दानको( च्यारिटी) रूपमा अर्थ्याइन थाले । खसआर्य समूहले यसलाई च्यारिटी परिभाषित गरे पनि यसका आकांक्षी समूहहरू जस्तै आदिवासी जनजाति, मधेशी, दलित, महिला, मुस्लिम, अपाङ्गता भएका समुदाय र समूहहरू यसलाई हक(प्यारिटी) को रूपमा हेर्दछन् । समावेशीकरण र आरक्षणप्रति वर्चश्वशाली र आकांक्षीहरूको च्यारिटी र प्यारिटीको रूपमा हेर्ने दृष्टिकोणले गर्दा तर्कवितर्क र रस्साकस्सी बढ्दै जाने देखिन्छ नै ।

जे जति नै विरोध र नकारात्मक भाष्य निर्माण गरे पनि नेपालमा समावेशीकरण र आरक्षणको नीति लागू हुने परिस्थिति देखेपछि खसआर्यलाई पनि आरक्षण चाहिने अभिमत व्यक्त गर्न थाले । प्रभुत्वशाली समूहले समावेशीकरण र आरक्षणको विरोध गर्ने, बदनाम गर्ने र भागबण्डा गर्ने नीति अगींकार गरेको देखिन्छ ।

*नेपालको राज्यसत्तामा सबैभन्दा प्रभावशाली, वर्चस्व र शक्तिशाली समूह खसआर्य नै हुन् । यहाँका सबै राज्यसंरचनामा अस्वाभाविक वर्चस्व र उपस्थिति यही समूहको नै छ । खसआर्य समूहको इच्छाबिना यहाँ केही पनि हुनै सक्दैन । यहाँका न्यायपालिका, व्यवस्थापिका, कार्यपालिका, राजनीतिक दलहरूलगायत सबै संस्थाहरूमा खसआर्य समूहकै अत्याधिक वर्चस्व रहँदै आएको छ ।*

नेपालको राज्यसत्तामा सबैभन्दा प्रभावशाली, वर्चश्व र शक्तिशाली समूह खसआर्य नै हुन् । यहाँका सबै राज्यसंरचनामा अस्वाभाविक वर्चश्व र उपस्थिति यहीँ समूहको नै छ । खसआर्य समूहको इच्छाविना यहाँ केही पनि हुनै सक्दैन । यहाँका न्यायपालिका, व्यवस्थापिका, कार्यपालिका, राजनीतिक दलहरूलगायत सबै संस्थाहरूमा खसआर्य समूहकै अत्याधिक वर्चश्व रहँदै आएको छ । माथिका तथ्य र तथ्यांकले पनि यही वास्तविकतालाई उजागर गरिदिएको छ । अहिले समावेशीकरण र आरक्षण नीतिको मूल आत्माको भ्रष्टीकरण गरेर विकृत बनाएको छ । जसलाई समावेशीकरण र आरक्षण चाहिने हो, उसलाई झिनो हिस्सा दिएर खुम्च्याइदिएको छ । राजनीतिक वृत्त र प्रशासनिक क्षेत्रमा दिइने समानुपातिक प्रतिनिधित्व र आरक्षणलाई खसआर्यकरण गरिएको छ ।

शत् प्रतिशत हिस्सामा राजनीतिक वृत्तमा चालीस प्रतिशत र प्रशासनमा पैंतालीस प्रतिशत हिस्सामै खसआर्यकरण गरेर वर्चश्व जमाउदै जाँदा भविष्यमा यहीँ चालीस-पैंतालीस प्रतिशत हिस्सामा अहिले रमाइरहेका गैरखसआर्य समुदाय र समूहहरूले शतप्रतिशतमै दावी गर्न थाल्नेछन् । विद्यमान समावेशीकरण र आरक्षणको नीति र कानूनले वर्चश्वशाली खसआर्य समूहलाई बढी लाभ भएको देखिन्छ । यसरी कानूनी र नीतिगतरूपमा आरक्षणलाई खसआर्यकरण गरेर इतिहासदेखि नै उत्पीडित, बहिष्कृत र राज्यले वञ्चितीकरण गरेका समूहलाई मूलप्रवाहिकरण गर्न ल्याएको आरक्षण पनि खसआर्य समूहले नै दोहन गर्न थालेको छ ।

***(लेखकले समावेशीकरण र आरक्षण विज्ञको रूपमा आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा अनुसन्धान गरेका थिए ।)***

# वर्षासँगै रोगहरूको बढ्दो जोखिम

स्वास्थ्य



● डा. प्रकाश बुढाथोकी

मनसुन सुरु भएको एक हप्ता भइसकेको छ । निरन्तर दोहोरिने तथा जलवायु परिवर्तनबाट हुने असरको प्राकृतिक विपद् जोखिमले नेपाल विश्वमै अग्रस्थानमा छ । उत्तरबाट दक्षिणतर्फ बहने खोलानाला र खहरेले बाढी, पहिरो, डुबान, हिमपहिरो तथा हिमताल बिस्फोटन, चट्याङ, डढेलो, आगलागीजस्ता प्राकृतिक विपद् बर्सेनि दोहोरिने गरेका छन् । भूकम्पीय जोखिमका हिसाबले नेपाल ११औं, जल उत्पन्न प्रकोपमा ३०औं, जलवायु परिवर्तनको असरले हुने बाढी, खडेरी र पहिरोमा चौथो र हरितगृह ग्यास उत्सर्जनका हिसाबले एक सय नवौं स्थानमा पर्दछ । त्यसैमा पछिल्लो समयमा अध्ययन, अनुसन्धान र वातावरणीय प्रभाव विश्लेषणबिना खनिएका सडक संरचनाले थप मलजल गरेका छन् । विपद्बाट कुल गार्हस्थ्य उत्पादनमा वार्षिक तीनदेखि पाँच प्रतिशत ह्राससँगै आर्थिक नोक्सानी भइरहेको छ ।

गत वर्ष विपद्का घटना सात सय ६९ हुँदा ६३ जनाको मृत्यु, ६९ घाइते तथा ३० बेपत्ता भएको तथ्याङ्क छ । यस वर्ष जल तथा मौसम विज्ञान विभागले सरदरभन्दा ३५ देखि ४५ प्रतिशत बढी वर्षा हुने अनुमान गरेको छ । मनसुनजन्य विपद्बाट करिब १८ लाख जनसङ्ख्या र चार लाख १२ हजार घरधुरी प्रभावित तथा ८३ हजार घरमा क्षति पुग्ने आकलन छ । मनसुन गत जेठ २८ गते भित्रिएपछि विपद्का एक सय ४७ घटनाबाट ३३ जिल्ला प्रभावित भई २८ जनाको ज्यान गइसकेको छ ।

मनसुनको सुरु भएसँगै बाढी, पहिरो, डुबान र चट्याङले देशभर ठूलो क्षति पुर्याइरहेको छ । हरेक दिन मृत्यु, घाइते र बिरामीहरूको तथ्याङ्क आइरहेका छन् । कोशी प्रदेशबाट सुरु भएको क्षति कर्णाली र सुदूरपश्चिम प्रदेश पुगिसकेको छ । ३३ बढी जिल्ला प्रभावित, तीसभन्दा बढीको मृत्यृ तथा हजारौं परिवार प्रभावित र भएका छन् । सुरुमै भएको क्षतिले चुनौतीपूर्ण भविष्यको सङ्केत गरेको छ ।

वर्षात्को समयमा आउने बाढी, पहिरोजस्ता प्राकृतिक विपत्तिसँगै सबै अस्पतालका निर्देशकहरूले उपलब्ध गराएको जानकारीमा गर्मीपछि वर्षात्को समयमा सबैभन्दा बढी झाडापखाला, हैजा, डेंगु, टाइफाइड, भाइरल, जण्डिस, हेपाटाइटिस ए र ई, आउँ, निमोनिया, औलो, कालाजार, ज्वरो, स्क्रब टाइफस, रुघाखोकी, छालाको समस्या, पेटको सङ्क्रमण, जुका, आँखा पाक्ने, लेप्टोस्पाइरोसिसजस्ता बिरामी देखिने गर्दछन् । अर्थात् दूषित खाना र पानी, लामखुट्टे, झिङ्गा, किराफट्याङ्गा, फोहर तथा हिलोका कारण हुने सङ्क्रमण विशेषतः बढी देखिन्छ । परेको वर्षाले ट्याङ्की वरिपरि मानिस, जनावर, पक्षीको बिष्ठा, ढकन नभएको, फोहरसहितको भेल मुहानमा परी प्रदूषित पानी, सिनो मासु, खोलानालाको प्रदूषित पानी सेवनले रोग लाग्दा जण्डिसलगायतका रोगहरूबाट मानिसहरू बिरामी पर्दैछन् । गर्भवतीलाई अस्वस्थता हुँदा थप जटिलता र गर्भपतनसम्म भएको पाइन्छ ।

बढ्दो वर्षासँगै विभिन्न किटाणु, जीवाणु, विषाणुजन्य सरुवा र सङ्क्रमणहरू  टाइफाइड, झाडाबान्ता, भाइरल फ्लु, पेटको दुखाई, रुघाखोकी, श्वासप्रश्वास सङ्क्रमण, जण्डिस, हेपाटाइटिस ए, आँखा सुक्खा, चिलाउने तथा आँखाको सङ्क्रमण, जनावरले टोकेर हुने बिरामीहरू बढ्दै छन् । यसबाहेक तराईमा सर्पदंश, उच्च ज्वरो, छालाको रोग, बढी पसिना जाँदा शरीरमा हुने पानी अभावको कारण जल वियोजन, पिसाब र मिर्गौलामा समस्या र लु बढ्दैछ । जार तथा बोतलको पानी सेवन गर्नेमा पनि त्यत्तिकै समस्या छ । दूषित खाना, पानी, सरसफाइको अभाव, फोहर हात, भाडाकुँडा, झिङ्गा, लामखुट्टे, साङ्ला, किराफट्याङ्ग्रा तथा बासी, सडेगलेका फोहर खानेकुरा, फोहर बानी व्यहोरा र फोहर पानीको प्रयोग नै यस समयको रोग लाग्ने मुख्य कारण हो ।

यस मौसममा हुने सरुवा रोगहरू केही श्वासप्रश्वास र धेरैजसो पाचन प्रणालीसँग सम्बन्धित हुन्छन् । करिब सयभन्दा बढी भाइरस प्रमुखतया इन्फ्लुएन्जा विषाणुद्वारा हुने सङ्क्रामक रोग रुघाखोकी लागेकालाई सामान्य बिरामीको रूपमा लिइन्छ । यसमा घाँटी खस्खसाउने, श्वास फेर्न अप्ठेरो हुने, पातलो सिंगान बग्ने, ज्वरो आउनुको साथै शरीर दुख्छ । प्रत्यक्ष सम्पर्कबाट र हावाबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकाले ज्यादा भीडभाड हुने स्थान बस, फिल्महल, विद्यालय र जात्रामा बिरामीले खोक्दा, बोल्दा, हाछ्यूँ गर्दा छिटै सर्दछ ।

विशेषगरी यो मौसममा पानीजन्य रोगहरु धेरै देखिन्छ । रोगका किटाणु पानीको मुहानमा परे सर्ने सरुवा रोगमा झाडापखाला, हैजा, रगतमासी, जुकाहरू, पोलियो, जियारडियासिस, अमिवियासिस, आउँ, टाइफाइड, जण्डिसलगायत २० वटा सरुवा रोगहरू पर्दछन् । वर्षायाममा विशेषगरी काँचो र नपाकेको मासु, बासी खाना, खाना बढी खाने, पचाउन नसकिने चिल्लो खाद्य पदार्थले खाना विषाक्तता हुन्छ । बिरामीलाई बान्ता हुने, पखाला लाग्ने, ज्वरो आउने हुन्छ । त्यसैगरी झिङ्गा भन्किएको र फोहर खानेकुरा खादा भिब्रियो कोलेरा ब्याक्टेरियाले आन्द्रामा सङ्क्रमण गर्छ र तीव्र सङ्क्रमण हैजा लाग्छ । हैजा लागेपछि धेरैपटक चौलानी पानीजस्तो पातलो दिसा र बान्ता एकैपटक लागिरहन्छ । त्यसले तीव्रगतिमा जलहरण गरी बिरामी शिथिल अवस्थामा पुग्छ ।

पटक-पटक पातलो दिसा (तीन पटकभन्दा बढी) हुनुलाई झाडा पखाला भनिन्छ । यसले शरीरमा भएको पानी र लवणको मात्रालाई तुरुन्तै कम गर्ने भएकाले शरीरमा विभिन्न किसिमका जलविनियोजनसम्बन्धी स्वास्थ्य समस्याहरू देखा पर्दछन् । टाइफाइडमा सुरुमा रोग रुघाखोकी जिउ तथा टाउको दुख्ने लक्षणबाट सुरु हुन्छ । त्यसपछि विस्तारै टाउकोको अगाडिको भाग दुख्ने, ज्वरो आउने आदि हुन्छ ।

वर्षायाममा पानीकै कारणले मात्र लाग्ने हेपाटाइटिस 'ए' भाइरसद्वारा सङ्क्रमित भई ज्वरो आउने, जाडो हुने, टाउको दुख्ने, थकान महसुस हुनेजस्ता लक्षण देखा पर्न सक्छ । एकपटक हेपाटाइटिस 'ए'को उपचार गरेपछि पुनः देखा पर्दैन । हिजोआज पहिले गर्भवती महिलामा मात्र बढी देखिने हेपाटाइटिस 'ई' पुरुषमा पनि बढ्दो छ ।

साथै, वर्षायाममा लामखुट्टे लाग्दा र टोक्दा उच्च र तीब्र ज्वरो हुने डेंगु, औलो, फिलेरिया, इन्सेफलाइटिस, मेनिन्जाइटिस हुने सम्भावना रहन्छ । त्यसैगरी सैण्डफलाइले बिरामीको छाला कालो हुने, कलेजो सुन्निने, कालाजर लगाउँछ । लामखुट्टेजन्य रोगबाट बच्न लामखुट्टेको विकास र जीवनचक्र पूरा हुन दिनु हुँदैन जसका लागि लामखुट्टेको टोकाइबाट मानिस जोगिनु पर्दछ । साथै, वर्षायाममा सर्पदंशको समस्या पनि निकै हुने गर्दछ ।

अन्तमा, रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै बेस हुन्छ । जुनसुकै उमेर, वर्ग र तप्काका मानिसले स्वास्थ्यप्रति सचेत हुनुपर्छ । उमालेको पानीको प्रयोग गर्नुका साथै खाना खानुअघि र पछि साबुनपानीले हात धुनुपर्दछ । जथाभावी दिसापिसाब नगर्ने, बासी सडेगलेका र अपच हुनेगरी खुला ठाउँमा राखिएका खाना खानु हुँदैन । व्यक्तिगत सरसफाइ र घर वरपरको वातावरण सफा राख्नुपर्दछ ।

***(लेखक, केन्द्रीय कारागार अस्पतालका प्रमुख तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता हुन् ।)***

# सन्धिखर्कका किसानलाई फलफूलका बिरुवा वितरण

**सुर्य प्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १९ असार

अर्घाखाँचीको सन्धिखर्क नगरपालिकाले किसानलाई व्यावसायिक र आत्मनिर्भर बनाउन पाँच हजार फलफूलका बिरुवा वितरण गरेको छ। किसानको मागका आधारमा नगरपालिकाको कृषि शाखाले अनुदानमा लिची, सुन्तला, कागती, मौसमी, ड्रागन फ्रुटलगायत फलफूलका पाँच हजार बढी बिरुवा वितरण गरेको हो ।

नगरपालिकाको ४० प्रतिशत अनुदान र किसानको ६० प्रतिशत लगानीमा किसानको मागका आधारमा लिचीको एक हजार दुई सय ५०, कागतीको एक हजार तीन सय ८०, मौसमीको पाँच सय ५०, सुन्तलाको एक हजार सात सय ३० र ड्रागन फ्रुटको एक सय २० बिरुवा वितरण गरिएको कृषि शाखा प्रमुख राजेन्द्र भट्टराईले जानकारी दिए ।



फलफूल खेतीबाट किसानलाई व्यावसायिक, आत्मनिर्भर बनाउँदै आर्थिकस्तर वृद्धि गर्ने उद्देश्यले फलफूलका बिरुवा वितरण शुरु गरिएको नगरप्रमुख कृष्णप्रसाद श्रेष्ठले बताए । किसानलाई बिरुवा वितरण गर्दै उनले कृषि पेसामा लागेर स्वरोजगार बनेका उत्कृष्ट किसानलाई नगरपालिकाले प्रोत्साहन गर्ने योजना बनाएको जानकारी दिए ।

नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत मञ्जु खनालले निर्वाहमुखी कृषि पेसालाई व्यावसायिक बनाउनुपर्ने बताउँदै व्यावसायिक किसानलाई नगरले सहयोग गरिरहेको बताए। पालिकाले बिरुवा लगाउने, संरक्षण गर्नेलगायतका विषयमा विज्ञमार्फत परामर्श पनि उपलब्ध गराएको उनले बताए ।

बिरुवा वितरण कार्यक्रममा नगरप्रमुख श्रेष्ठ, निमित्त प्रमुख प्रशासकीय अधिकृत खनाल, लेखा अधिकृत नवराज गौतम, कृषि शाखा प्रमुख राजेन्द्र भट्टराईको उपस्थित रहेको थियो ।

## ओमनमा रोजगार |

कम्पनी: AL MOUJ TECHNICAL SERVICES
शहर: Oman

पूर्व स्वीकृत मिति:२०८०/१२/०७ चलानी नं.:६०२१६८७७ L.T. No.:302015 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaners | 9 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३४,७०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Female Cleaner | 0 | 1 | | 120 | ४१,६४९ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २७ गते ( 11 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Destiny H.R.Group Pvt. Ltd.**
Govt.Lic.No.: 1552/079/080
Sinaamangal-9, Kathmandu.Tel No:5913085/5914085, 9851164801
Email: admdestinyhr@gmail.com/Website: www.destinyhrgroup.com.np

## कुवेतमा रोजगार |

कम्पनी: CAVALLI CAFE & RESTAURANT CO.
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०८०/०७/२० चलानी नं.: ६०२०९८६७ L.T. No.: 294760 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | shawarma maker/burger maker/grill maker/kabab | 10 | 0 | स. काममा दक्ष | 130 | ५६,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ERAM OVERSEAS PVT. LTD.**
Govt.Lic.No 1562/079/080
Sinamangal-09, Kathmandu, Tel.: 01-4492260
Email: eramoverseas074@gmail.com
Web: www.eramoverseas.com

## कतारमा रोजगारको अवसर |

कम्पनी: EMAAR UNITED FOR SERVICES
शहर: DOHA

पूर्व स्वीकृत मिति: २०८१/०३/१९ चलानी नं.: ६०२२१८५९ LT. No.: 307168

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Dry Clean Worker | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter | 0 | 15 | | 1400 | ५१,१९८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Excellent Manpower Services Pvt. Ltd.**
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com

## साउदीमा रोजगार |

कम्पनी : ABDULLAH ALI ABDULLAH AL ABBAS GENERAL CONTRACTING EST.
शहर: Dammam

पूर्व स्वीकृत मिति: २०८१/०३/१८ चलानी नं.: ६०२२१८२१ LT. No.: 307101

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 1 | 0 | स. काममा दक्ष | 2000 | ७१,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले ब्यहोर्ने | रु. ७००/- कामदारले तिने | रु. १,५००/- कामदारले तिर्ने | रु.१०,०००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**गोल्डेन इगल मेनपावर प्रा. लि.**
श्रम ईजाजत नं.: ३९१/०५९/०६०
भिमसिन्गोला-९, काठमाडौं, नेपाल, फोन: ४४६५०९२, ४४७८०२९, ४४८६९४१
E-mail: mdgoldeneagle@gmail.com, info@goldeneaglemanpower.com

## कुवेतमा रोजगार |

कम्पनी: DAR WED LADIES BEAUTY SALON CO. SPC
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/११/१८ चलानी नं.: ६०२१५८३५ LT. No.: 300893 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 12 | सम्बन्धित काममा दक्ष | 150 | ६५,२२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | manicure And Pedicure | 0 | 12 | | 150 | ६५,२२७ | | | | | | | |

कम्पनी: PET CORNER FOR SELLING PETS AND ANIMAL FEED COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०३/१९ चलानी नं.: ६०२२१८५५ LT. No.: 307125

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner/worker | 15 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४७,८३४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | driver | 3 | 0 | | 150 | ६५,२२७ | | | | | | | |

कम्पनी: GHARAYEF RESTAURANT COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मिति: २०८१/०३/१९ चलानी नं.: ६०२२१८५६ LT. No.: 307126

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Chep Assistant | 10 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ६०,८७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner(Indoor) | 30 | 0 | | 100 | ४३,४८५ | | | | | | | |
| 3. | Electrician | 1 | 0 | | 130 | ५६,५३१ | | | | | | | |
| 4. | Plumber | 1 | 0 | | 130 | ५६,५३१ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Guideline Recruitment Service Pvt. Ltd.**
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497, 9822506451
Email: reception.guideline@gmail.com, info.guideline2024@gmail.com
Web: www.guidelinerecruitment.com

## कुवेतमा रोजगार |

कम्पनी : AL RAYA AL KUBRA GENERAL TRADING COMPANY
शहर : KUWAIT

पूर्व स्वीकृत मिति: २०८०/०१/०५ चलानी नं.: ६०२००३१० L.T. No.284949 पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Tailor | 8 | 0 | स. काममा दक्ष | 140 | ६०,८७९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Index Recruitment Pvt. Ltd.**
श्रम ईजाजत नं. १५४३/०७८/०७९
Chabahil-7, Kathmandu, Nepal, Tel: 01 5911443
E-mail: info@indexruitment.com.np / Website : www.indexrecruitment.com.np

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी: PROFILE RECRUITMENT-SOLE PROPRIETORSHIP LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१२/२१ चलानी नं.: ६०२१७८०२ LT. No.:302968 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 241 | 0 | स. काममा दक्ष | 800 | २९,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: POWER RECRUITMENT LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८०/१०/०७ चलानी नं.: ६०२१३५८१ LT. No.:298530 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Building Labourer | 352 | 0 | स. काममा दक्ष | 800 | २९,०४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**BLUE OCEAN RECRUITMENT PVT. LTD.**
ब्लु ओशियन रिक्रुमेन्ट प्रा. लि.
Government Licence No.:1163/073/074 — ISO Certified 9001:2015
New Baneshwor-10, Kathmandu 4576215, 4591772
info@blueoceanmanpower.com www.blueoceanmanpower.com

## कुवेतमा रोजगार

कम्पनी: SARA PLAZA HOTEL APARTMENTS COMPANY
शहर: KUWAIT

पूर्व स्वीकृत मिति: २०८१/०३/१० चलानी नं.: ६०२२१५२६ LT. No.: 306737 पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiter | 2 | 2 | स. काममा दक्ष | 180 | ७८,२७३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Panchakumari Mandir Marga 09,Sinamangal,Kathmandu, Tel.: 01-5921834 | Fax: 4486263, | Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :9808793080/ 9818272436/ 9826035409 /9823772238

## ओमनमा रोजगार |

कम्पनी: AL TOOBI NEW ENTERPRISES
शहर: Oman

पूर्व स्वीकृत मिति: २०८१/०३/१९ चलानी नं.: ६०२२१८६१ LT. No.: 307173

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब OR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Arabic Coffee Maker | 5 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ४८,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Confectioner | 5 | 0 | | 140 | ४८,६०० | | | | | | | |
| 3. | Juice Maker. | 5 | 0 | | 140 | ४८,६०० | | | | | | | |
| 4. | Pastes Maker | 5 | 0 | | 140 | ४८,६०० | | | | | | | |
| 5. | Sand Which Maker | 5 | 0 | | 140 | ४८,६०० | | | | | | | |
| 6. | Waiter | 4 | 0 | | 140 | ४८,६०० | | | | | | | |
| 7. | Waiter - Coffee Shop | 10 | 0 | | 140 | ४८,६०० | | | | | | | |

**अन्तर्वार्ता नमस्ते थकाली भान्साघर, पृथ्वीचोक, पोखरा, कास्कीमा २०८१ असार २७ गते (11 July 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार २८ र २९ गते (12 & 13 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

